# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

ई-मेल: ito.krishnapurmun@mail.com
वेब साईट: krishnapurmun.gov.np


प.सं. :- २०८२/०८३
च.नं. :-

**सूचना प्रकाशित मिति :- २०८२।०७।१४**

## टिप्पर भाडामा लिने सम्बन्धी सूचना

प्रस्तुत विषय सम्बन्धमा यस कृष्णपुर नगर कार्यपालिकाको कार्यालयलाई टिप्पर थान – २ आवश्यक भई भाडामा लिनु पर्ने भएको हुँदा ईच्छुक साधन धनिले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नु पर्ने छ।

तपसिल :-

१- टिप्पर न्यूनतम ८ घन मिटर क्षमता भएको हुनु पर्ने- प्रति दिन अधिकतम रु.७५००।– (यदी ८ घन मि. क्षमता भन्दा वढी क्षमता भएको टिप्पर पेश हुन आएमा सोहिको अनुपातमा नै मुल्याङ्कन गरिने छ।)
२- ईन्धन खर्च नगरपालिकाले व्यहोर्ने छ।
३- सम्झौता अवधी भित्र साधन मर्मत सम्भार गर्नु परेमा सम्बन्धित साधन धनिले नै व्यहोर्नु पर्ने छ।
४- चालक र सहचालकहरुको सेवा सुविधा साधन धनिले नै व्यहोर्नु पर्ने छ।
५- सवारी चालक अनुमतिपत्र, साधनको त्रिपक्षिय बीमा गरेको, व्लु बुक नविकरण भएको कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्ने छ।
६- आफूले गरेको कामको दैनिक टिपोट प्रमाणित गरी कार्यालयमा बुझाउनु पर्ने छ।
७- न.पा.का टिप्परले प्रति दिन गर्ने ट्रिप बराबर भाडाको टिप्परले समेत गर्नु पर्ने छ। ट्रिप गर्न नसकेको खण्डमा सोही अनुपातमा दैनिक भाडा दरमा कट्टा गरी भुक्तानी गरिनेछ। कार्यालयमा विवरण प्राप्त भएपछि काम गरेको अवधिको भाडामा नियमानुसारको कर कट्टी गरी भुक्तानि मासिक रुपमा गरिने छ।
८- स्वीकृत भएका टिप्पर (वदीमा) जेष्ठ मसान्त सम्म अनिवार्य रुपमा यस कार्यालयलाई बुझाउनु पर्ने छ। अन्य कुरा प्रचलित कानून बमोजिम हुने छ।

**नोट** :- उपरोक्त अनुसार कागजातहरु खाममा सिलबन्दी गरी प्रस्ताव पेश गर्नु पर्ने छ।

२०८२/७/१२
स्वगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत